# दोरम्वा गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## टोकरपुर, रामेछाप

## ड्र्याक सुट खरिद सम्बन्धी सिलबन्दी बोलपत्र आव्हानको सूचना

(प्रथम पटक प्रकाशन मिति : २०७६/०९/०२ गते)

१. यस गाउपालिकालाई आवश्यक पर्ने तपसिल बमोजिमका ड्र्याक सुट सिलबन्दी बोलपत्रद्वारा खरिद गर्नुपर्ने भएको हुँदा नेपाल सरकारबाट इजाजत (मान्यता) प्राप्त उत्पादक/कम्पनी/अधिकृत बिक्रेता/आपुर्तिकर्ताबाट निम्न शर्तहरुको अधीनमा रही रीतपूर्वक शिलबन्दी बोलपत्र आह्वान गरिएको व्यहोरा इच्छुक सम्बन्धित सबैमा यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

२. बोलपत्र फाराम यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३० औ दिनसम्म कार्यालय समयभित्र चालु आ.व. का लागि नवीकरण भएको ब्यवसाय दर्ताको इजाजतपत्र, स्थायी लेखा नम्बर, मु.अ.कर दर्ता प्रमाणपत्र र आ.व. २०७५/०७६ सम्मको कर चुक्ता भएको प्रमाणपत्रका प्रमाणित प्रतिलिपिहरु र उत्पादक कम्पनी वा नेपालमा रहेको आधिकारिक बिक्रेताबाट बोलपत्रदातालाई प्राप्त Authorization letter प्रमाणित प्रतिलिपि र निवेदन साथ पेश गरेपछि नियमानुसार वोलपत्र फारम (रकम फिर्ता नहुने गरी) यस कार्यालयवाट उपलव्ध गराइने छ।

३. बोलपत्र पेश गर्दा आफुले सप्लाई गर्न चाहेको मालसामानको लागी बोलपत्र खरिद गरी बाहिर खाममा सम्बन्धित मालसामानको विवरण तथा ठेक्का नं. स्पष्ट खुलाई पेश गर्नु पर्नेछ।

४. खरिद गरिएका वोलपत्र फारमहरुको महलहरु स्पष्ट रुपमा भरि प्रत्येक पानामा सहिछाप गरी प्रथम पटक सूचना प्रकाशित भएको मिति देखि ३१ औ दिनको १२:०० वजे भित्र यस कार्यालयमा आई वोलपत्र दर्ता गराउन सकिने छ। बोलपत्रमा लेखिएको अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइने छ। दर्ता भएका बोलपत्रहरु सोही दिनको २:०० बजे उपस्थित बोलपत्रदाता वा निजका प्रतिनिधिहरु र कार्यालयका प्रतिनिधिहरुको रोहबरमा यस कार्यालयमा खोलिनेछ। बोलपत्रदाताहरु वा निजका प्रतिनिधिहरु उपस्थित नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन। फारम खरिद गर्ने वा दाखिला गर्ने दिन सार्वजनिक विदा परेमा उक्त कार्यहरु विदा पछिको कार्यालय खुलेको दिन सोहि समयमा हुनेछ।

५. वोलपत्र फारम साथ बोलपत्र जमानत वापतको रकम यस गाउपालिका कार्यालयको Globle IME Bank Ltd Tokarpur, branch Office Account no :115009057081904 (for bid security purposes) मा रकम जम्मा गरेको सक्कलै वैक भौचर वा नेपाल सरकारवाट मान्यता प्राप्त बाणिज्य बैकबाट यस कार्यालयको नाममा जारी गरिएको १२० दिन म्याद भएको जमानी पत्र (विडवण्ड) वोलपत्र साथ पेश गर्नुपर्ने छ। साथै बोलपत्र स्वीकृत भएको निर्धारित समय भित्र संभौता गर्न नआएमा धरौटी रकम जफत गरिने छ।

६. यस कार्यालयको हितलाई ध्यानमा राखी प्राप्त भएको बोलपत्र स्वीकृत गर्ने वा नगर्ने वा आंशिक रुपमा स्वीकृत गर्ने वा रद्द गर्ने सम्पुर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ। रित नपुगेका र म्याद नाघि आएका वोलपत्र उपर कुनै कारवाही गरिने छैन।

७. बोलपत्र स्वीकृत भएपछि कबोल ठेक्का अंकको ५% ले हुन आउने रकम जनता बैंक नेपाल स्थित यस कार्यालयको धरौटी खाता नं ११५००९०५७०८१९०४ मा जम्मा गरेको सक्कल बैक भौचर वा कम्तिमा एक वर्ष म्याद भएको मान्यता प्राप्त बाणिज्य बैकबाट यस कार्यालयको नाममा जारी गरिएको जमानतपत्र (परफरमेन्स वण्ड) सम्झौता गर्नु अघि सक्कल प्रति पेश गर्नु पर्नेछ।

८. बोलपत्रमा उल्लेखित सामानहरु कार्यालयको आबश्यकता अनुसार एकै पटक वा आंशिकरुपमा वा पटक पटक आपुर्ति गर्नुको साथै तोकिएको परीमाण भन्दा बढि सामान कार्यालयलाई आबश्यक परी माग गरेको खण्डमा बोलपत्रदाताले सोही दरमा सामान आपुर्ति गर्नु पर्ने छ।

९. आपुर्ति भएका माल सामानहरु कार्यालयको स्वीकृत Spacification अनुसार भए नभएको जाँचगरी सो अनुसार भएमा मात्र आपुर्ति भएका सामानको भक्तानी दिइने छ।

१०. बोलपत्रदाताले आपुर्ति गर्नु पर्ने मालसामान (बिद्यार्थीहरुको ड्रेस ,ड्र्याक सुट) शिक्षा शाखाबाट प्राप्त विद्यार्थीहरुको नाप साइज अनुसार हुनु पर्ने छ।

११. आपुर्तिकर्ताले आपुर्ति गरेका मालसामानहरु कार्यालयबाट तोकिए बमोजिमका विद्यालयहरुमा आपुर्ति गर्नु पर्ने छ।

१२. ड्र्याकको अगाडी छातीको देब्रे पट्टी गोलो आकारमा नेपाल सरकारको लोगो सहित गाउपालिका को नाम हुनुपर्ने छ र पछाडी पट्टी गा.पा.शिक्षा शाखाले उपलब्ध गराएको विवरण अनुसार विद्यालयको नाम सेतो रंगमा लेखिएको हुनु पर्ने छ।

१३. आपुर्ति गर्नु पर्ने ड्र्याक सुटको Spacification निम्नानुसारको हुने छ।
- कपडा -सुपर पोली बाक्लो भुवा नउठने कपडा
- रंग- निलो रंगमा सेतो घेरा भएको
- बाहुला कम्मर आदिमा इलास्टिक रीप राखिएको
- साइज - गा.पा. शिक्षा शाखाले तयार बनाए बमोजिम
- बोलपत्र साथ छुट्टै खाममा खामबन्दि गरी ड्र्याक सुटको नमुना अनिवार्य रुपमा पेश गर्नु पर्ने छ।

१४. बोलपत्र सम्वन्धी कुनै कुरा बुझ्नु परेमा कार्यालय समय भित्र यस कार्यालयमा सम्पर्क राख्न सकिनेछ। वोलपत्र सम्वन्धी अन्य सर्तहरु सार्वजनिक खरिद ऐन २०६३, नियमावली, २०६४ तथा वोलपत्र फारममा उल्लेखित शर्त तथा गाउँपालिकाको निर्णय वमोजिम हुनेछन्।

१५. शिलबन्दि बोलपत्रको कामको विवरण निम्न अनुसारको हुनु पर्नेछ।

| ठेक्का नं. | विवरण | आवश्यक संख्या | बोलपत्र फारम दस्तुर रु. | जमानत रकम |
|---|---|---|---|---|
| NCB/2076-077/02 | ड्र्याक सुट<br>सुपर पोली बाक्लो भुवा नउठने बाक्लो कपडा,निलो रंगमा सेतो घेरा भएको इलास्टिक रीप राखिएको | ४२००(चारहजार दुइसयमात्र) | ३,०००/- | रु. ७५०००।- |

प्रमुख प्रशासकिय अधिकृत